




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ १६ गते आइतबार ❑ 30 Jan. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## आगामी जेठभित्र स्थानीय तहको निर्वाचन

पोखरापत्र संवाददाता
पोखरा, १५ माघ

स्थानीय तहको निर्वाचन आगामी जेठभित्र हुने भएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार बसेको सरकार सञ्चालनमा सहयोग गर्ने गठित पाँच दलीय उच्चस्तरीय संयन्त्रले सो सुझाव दिएको हो ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्कीले संयन्त्रको सुझावपछि निर्वाचन आयोगसँग परामर्श गरेर सरकारले आगामी जेठभित्र स्थानीय तहको निर्वाचन सम्पन्न गर्ने बताउनुभयो ।

बैठकले आगामी जेठभित्र स्थानीय तहको निर्वाचन गर्न प्रधानमन्त्रीमार्फत सरकारलाई सुझाव दिएको हो । बैठकले संविधानसँग बाझिएका कानून तथा ऐन संशोधन गर्नुपर्ने भए त्यो तयारीका लागि समेत सरकारलाई सुझाव दिएको उहाँले बताउनुभयो । मन्त्री कार्कीले भन्नुभयो, 'अब सरकारले निर्वाचन आयोगसँग परामर्श गरेर निर्वाचनको मिति तय गर्छ ।' विसं २०७४ मा स्थानीय तहको निर्वाचन तीन चरणमा सम्पन्न भएको थियो ।

त्यसलाई समेत मध्यनजर गरी संविधानसँग बाझिएका कानुन मिलाएर सरकारले आगामी जेठभित्र स्थानीय तहको निर्वाचन सम्पन्न गर्ने उहाँले बताउनुभयो । देशलाई संविधानसम्मत ढङ्गले अगाडि बढाउन लोकतान्त्रिक मूल्यअनुरुप आवधिक निर्वाचन सम्पन्न गर्न पाँच दलीय गठबन्धन प्रतिबद्ध रहेको उहाँको भनाइ छ । प्रधानमन्त्री एवं नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाको संयोजनमा बसेको बैठकमा काँग्रेस, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल, राष्ट्रिय जानमोर्चाका शीर्षनेता सहभागी हुनुहुन्थ्यो ।

## कास्कीमा मात्रै २२७ संक्रमित थपिए

पोखरापत्र संवाददाता
पोखरा, १५ माघ

गण्डकी प्रदेशमा पछिल्लो २४ घण्टामा सबैभन्दा बढी कोरोना संक्रमित कास्कीमा थपिएका छन् ।

प्रदेशअन्तर्गत विभिन्न अस्पताल तथा प्रयोगशालामा गरिएको एन्टिजेन र पिसीआर परीक्षणमा कास्कीमा २२७ संक्रमित थपिएको स्वास्थ्य निर्देशनालय प्रदेश स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रका संयोजक नवराज शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार यस अवधिमा प्रदेशमा कूल ५१६ संक्रमित थपिएकामा तनहुँमा ७१, म्याग्दीमा ४९, स्याङ्जा र बागलुङमा ३९-३९, नवलपरासी पूर्वमा ३८, लम्जुङमा २५, पर्वतमा १५ र गोरखामा १३ जना छन् । यस अवधिमा प्रदेशमा ७०२ जना निको भएका छन् भने होमआइसोलेशनमा छ हजार ९८५ जना रहेको निर्देशनालयले जनाएको छ ।

**माघ मसान्तसम्म शैक्षिक संस्था सञ्चालन गर्न नपाइने**

यसैबीच कास्की जिल्लामा आगामी माघ मसान्तसम्म भौतिक उपस्थितिमा विद्यालय सञ्चालन गर्न नपाइने भएको छ । कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले शुक्रबार जारी गर्नुभएको आदेशमा जिल्लामा कोरोना संक्रमणदर ५० प्रतिशतभन्दा माथि रहेको उल्लेख गर्दै विद्यालय, विश्वविद्यालयलगायत शैक्षिक संस्था भौतिक उपस्थितिमा सञ्चालन गर्न नपाइने भनिएको छ । त्यस्तै सिनेमा हल, डान्स बार, दोहोरीलगायत मानिस भीडभाड हुने सबै कार्यक्रम सञ्चालनमा रोक लगाइएको छ । सबै प्रकारका आमसभा, जुलुसमा पनि प्रशासनले रोक लगाएको छ ।

## कोरोना संक्रमण दर घट्यो, छ हजार संक्रमणमुक्त

रासस
काठमाडौं, १५ माघ

पछिल्ला केही दिनयता नेपालमा कोरोना सङ्क्रमणदर घट्दै गएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको विवरणअनुसार शनिबार कूल परीक्षणको करिब ३४ प्रतिशतमा सङ्क्रमण पुष्टि भएको छ ।

यसअघि नेपालमा कूल परीक्षणको ५० प्रतिशत बढीमा सङ्क्रमण देखिएको थियो । मन्त्रालयका अनुसार शनिबार १४ हजार ५६२ नमूनाको परीक्षण गर्दा चार हजार ९०४ मा सङ्क्रमण पुष्टि भएको छ । सो अवधिमा पाँच हजार ९२४ जना सङ्क्रमणमुक्त भएको मन्त्रालयले जनाएको छ । २४ घण्टामा कोरोना सङ्क्रमणबाट छ जनाको ज्यान गएको छ । सक्रिय सङ्क्रमितको सङ्ख्या ८७ हजार ३२९ पुगेको छ । हालसम्म कोरोनाबाट ११ हजार ७०३ जनाले ज्यान गुमाएका छन् । नेपालमा हालसम्म ५२ लाख नौ हजार ५९६ नमूना परीक्षण गर्दा नौ लाख ४७ हजार ३९२ जनामा सङ्क्रमण देखिएको मन्त्रालयले जनाएको छ ।

हालसम्म आठ लाख ४८ हजार ३६० जना सङ्क्रमणमुक्त भएका छन् । नेपालमा एक करोड ६५ लाख २७ हजार ७४१ पहिलो डोज, एक करोड ४० लाख १५ हजार ३४२ र तीन लाख ३३ हजार ८३५ मात्र बुस्टर डोज लगाइएको मन्त्रालयले जनाएको छ ।

## प्रेस सेन्टरको स्थापना दिवसमा पोखरामा पत्रकारलाई स्वास्थ्य सामग्री वितरण

पोखरापत्र संवाददाता
पोखरा, १५ माघ




गण्डकी प्रदेशका अर्थमन्त्री रामजी प्रसाद बरालले प्रदेश सरकारको सञ्चार विधेयकलाई पत्रकारिताको भावना अनकुल हुने गरी सञ्चारमैत्री बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

प्रेस सेन्टर नेपालको १८ औं स्थापना दिवसका अवसरमा गण्डकी प्रदेश समिति, कास्की शाखा र पोखरा महानगरले आज पोखरामा आयोजना गरेको स्वास्थ्य सामग्री वितरण कार्यक्रममा उहाँले विधायन समितिमा रहेको सञ्चार विधेयक स्वतन्त्र प्रेसको मर्म र भावना अनुसार बनाइने उल्लेख गर्नुभयो । उहाँले पत्रकारितासँग सम्बन्धित सङ्घ संगठनसँग छलफल गरी प्रेसमैत्री बनाउने बताउनुभएको हो । नेपाली पत्रकारितामा जनपक्षीय पत्रकारिताको खाँचो अझ बढेको बताउँदै उहाँले प्रेस सेन्टरमा आबद्ध सञ्चारकर्मीहरुले जनताका समस्या, पीर मर्का र गुनासाहरुलाई कलमका माध्यमबाट उजागर गर्नुपर्ने उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "जनपक्षिय पत्रकारिताको खाँचो अहिलेपनि छ । कृष्ण सेन इच्छुक लगायतका शहीदहरुको योगदानको कदर गर्दै उहाँले देखेका सपना सञ्चारकर्मबाट पूरा गर्न यहाँहरु सफल हुनुहुनेछ भन्ने विश्वास लिएको छु ।"

कार्यक्रममा पत्रकार महासङ्घका केन्द्रीय सदस्य एवं प्रेस सेन्टरका गण्डकीका इन्चार्ज त्रिभुवन पौडेल, प्रदेश अध्यक्ष अर्जुन काफ्ले, प्रेस युनियनका केन्द्रीय सदस्य ऋषिकान्त पौडेल, प्रेस सेन्टर कास्कीका अध्यक्ष कृष्ण दवाडी, सचिव पुष्पराज दाहाल, पोखरा महानगरका अध्यक्ष शिवराज वस्ताकोटी लगायतले सञ्चारकर्मीको हक हित सहित पत्रकारिताको गुणात्मक विकासका लागि काम गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा कोरोनाको तेस्रो लहरसँग जुध्नका लागि सञ्चारकर्मीहरुलाई मास्क लगायतका स्वास्थ्य सामग्री वितरणको सुरुआत गरिएको थियो ।

प्रेस सेन्टर कास्कीका अध्यक्ष दवाडीले जिल्लाका सबै क्रियाशील सञ्चारकर्मीहरुलाई मास्क वितरण गरिने जानकारी दिनुभयो ।

## सहिदको बलिदानले नै जनताको शासन स्थापित हुनसकेको हो : प्रधानमन्त्री देउवा

रासस
काठमाडौं, १५ माघ

प्रधानमन्त्री शेरबहादुर देउवाले व्यक्तिगत स्वार्थ नराखी समग्र मुलुकको विकास र रुपान्तरणका लागि अहोरात्र सङ्घर्षमा खटिने सहिदको सहादत, बलिदान र त्यागले नै मुलुकमा ठूला राजनीतिक परिवर्तन सफल भई आइतबार जनताको शासन स्थापित हुनसकेको उल्लेख गर्नुभएको छ ।

सहिद दिवसका अवसरमा शुभकामना सन्देशमार्फत उहाँले विसं २००७ को एकतन्त्रीय जहाँनिया राणाशासनविरुद्धको क्रान्तिदेखि २०४६ मा प्रजातन्त्र पुनःस्थापनाका लागि भएको जनआन्दोलन तथा २०६२/६३ मा लोकतन्त्र स्थापनाका लागि भएको आन्दोलनलगायत विभिन्न राजनीतिक परिवर्तन सहिदकै त्याग, तपस्या र बलिदानबाट सफल भएको बताउनुभएको छ ।

प्रधानमन्त्री देउवाले नेपालमा प्रजातन्त्र र लोकतान्त्रिक शासन व्यवस्थाको स्थापनाका लागि आफ्नो अमूल्य जीवन गुमाउनुभएका सम्पूर्ण ज्ञात-अज्ञात सहिदप्रति श्रद्धाञ्जलि अर्पण गर्दै लोकतन्त्र प्राप्तिको सङ्घर्षमा घाइते हुनु भई स्वास्थ्योपचार गराइरहनुभएका सम्पूर्णको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभएको छ । मुलुकमा राजनीतिक परिवर्तन, नागरिक स्वतन्त्रता र विधिको शासन स्थापना गर्ने जोखिमपूर्ण आन्दोलनमा खटिएका सबै सहिद मुलुकका सच्चा सपूत भएको बताउनुभएको छ । "आज हामी जे-जस्तो स्वतन्त्रता र आत्मसम्मानका साथ बाँच्न पाइरहेका छौं, राज्यको सबै तह र संरचनामा आम नागरिकको जे-जस्तो पहुँच स्थापित हुनसकेको छ, तथा जे-जस्तो शासकीय व्यवस्थाबाट मुलुकलाई अघि बढाइरहेका छौं त्यो सबै सहिदहरूको योगदानबाट नै सम्भव भएको हो", उहाँले उल्लेख गर्नुभएको छ ।

प्रधानमन्त्री देउवाले सहिदले आम नेपालीलाई रैतीबाट नागरिक बनाउन, मुलुकमा राजनीतिक सामाजिक परिवर्तन ल्याउन तथा नागरिकलाई स्वतन्त्र र अधिकारसम्पन्न तुल्याउन गरेको उच्च योगदानको कदर गर्नुभएको छ । उहाँले विसं २००७ को आन्दोलनमा मुलुकमा प्रजातन्त्र स्थापना गर्न ज्यानको आहुति दिने महान् सहिद दशरथ चन्द, शुक्रराज शास्त्री, धर्मभक्त माथेमा र गङ्गालाल श्रेष्ठदेखि विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलनमा आफ्नो अमूल्य जीवन गुमाउनुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदमा श्रद्धासुमन अर्पण गर्नुभएको छ ।

प्रधानमन्त्री देउवाले यस दिवसले सहिदहरूले देखाएको सत्य, न्याय र समानताको बाटोमा हिँड्न तथा उहाँहरूले देखेको सुन्दर नेपालको सपनालाई साकार पार्न सबैलाई प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्नुभएको छ ।

## फागुन ९ गते भैरहवामा 'क्यालिब्रेशन फ्लाइट', बुद्ध जयन्तीदेखि नियमित उडान


रासस
काठमाडौं, १५ माघ

भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा आगामी फागुन ९ गते 'क्यालिब्रेशन फ्लाइट' गर्ने गरी तयारी भएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले बताउनुभएको छ ।

शनिबार दिउँसो भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निरीक्षणपश्चात उहाँले भन्नुभयो, "मौसमले साथ दिएमा फागुन ९ गते क्यालिब्रेशन फ्लाइट र बुद्ध जयन्तीमा अन्तर्राष्ट्रिय उडान हुन्छ ।" हुस्सु, कुहिरो र भिजीबिलिटी कम लागेको बेला भने सो फ्लाइट गर्न नमिल्ने प्राविधिकले बताएका छन् ।

मन्त्री आलेले ढिलाइ नगर्न र क्यालिब्रेशन फ्लाइट नगरेसम्म मन्त्रालय, क्यान र आयोजनाका पदाधिकारी, टिम सदस्य दिनरात काममा खटिनसमेत निर्देशन दिनुभयो । उहाँले भन्नुभयो, "कुनै पनि हालतमा, कुनै पनि बहानामा काम नरोकियोस् ।"

छेऊमै रहेका कांग्रेस नेता भरत कुमार शाहलाई देखाउँदै मन्त्री आलेले भन्नुभयो, "सार्वजनिक लेखा समितिका सभापति यहीं हुनुहुन्छ, माननीय प्रमोद यादव यहीं हुनुहुन्छ । यो निर्वाचन क्षेत्रका माननीय घनश्याम भुसालले दिनदिनै सोध्नुहुन्छ, प्रधानमन्त्री, मन्त्रीज्यूहरू सबैको चासो छ, यो विमानस्थलमा छिटो उडान हुनुपर्छ भन्नेछ । हामी त्यहीअनुसार तयारी गरिरहेका छौं ।" लेखा समितिका सभापति भरतकुमार शाह र सांसद प्रमोदकुमार यादवले छिटो उपकरण चेकजाँच गरी उडानको तयारी गर्न आग्रह गर्नुभयो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव महेश्वर न्यौपानेले एरोथाइको टिम काम सकेर मात्रै फर्किन्छ, त्यसपछि परीक्षण उडान नेपाल एयरलाइन्सको ३३० ले गर्छ भन्नुभयो । एरोथाइका नेपाल प्रतिनिधि बिजेन्द्र श्रेष्ठले भन्नुभयो, "यहाँको मौसमलाई तीन वर्षमा नियाल्दा भिओएफआरमा उड्न मिल्छ । क्यालिब्रेशन फ्लाइटका लागि सफा मौसम चाहिन्छ । कम्तीमा पाँच किमी भिजिबिलिटी चाहिन्छ । फ्रेबुअरी २१ मा भैरहवामा जहाज ल्याण्डिङ हुनेछ तयारी छ । कुनै पनि हालतमा २१ फेब्रुअरीभन्दा ढिला हुँदैन ।" भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणमा हालसम्म आइसिपी वान र टु गरेर रु साढे सात अर्ब लगानी भइसकेको छ ।

# मनाङलाई पराजित गर्दै एपिएफले आहा राराको इतिहास रच्यो

पोखरापत्र संवाददाता
पोखरा, १५ माघ




आहा रारामा सर्वाधिक सफलता हासिल गरेको मनाङ मर्स्याङ्दी क्लबलाई पराजित गर्दै विभागीय टोली शसस्त्र प्रहरी बलको एपिएफ क्लबले २० औं संस्करणको आहारारा गोल्डकप फुटवल प्रतियोगिताको उपाधि जितेको छ।

शनिबार पोखरा रंगशालामा सम्पन्न भएको फाइनल खेलमा एपिएफले मनाङ मर्स्याङ्दी क्लबलाई टाइब्रेकरमा ५-४ गोलअन्तरले पराजित गर्दै एपिएफले इतिहास रत्दै उपाधि सहित १० लाख एक हजार नगद पुरस्कार प्राप्त गर्न सफल भएको हो।

पेनाल्टी सुटआउटमा मनाङका भरपर्दा स्ट्राइकर अफिज ओलावालेको प्रहार गोलरक्षक कुरियामा युयाले उत्कृष्ट बचाउरी खेल बराबरीमा पुराएका हुन् । विदेशी प्लेयर अरमाण्ड बिडुमल निर्णायक पाँचौं पेनाल्टीले जाली चुम्दा एपिएफले आहा रारामा पहिलो पटक उपाधि जित्न सफल भएको हो। यस अघि एपिएफ १४ बर्ष पछि दोश्रो पटक फाइनलमा यात्रा बनाएर पुलिससंग पराजित भएको थियो । एपिएफतर्फबाट टाईब्रेकरमा क्याप्टेन नवीन लामा, सुनिश श्रेष्ठ, रवि थिङ र मणि लामाले गोल गरे । त्यसै गरी टाईब्रेकरमा मनाङका तर्फबाट फ्रेन्किलिन कुटी, दयानन्द सिंह, शिव गुरुङ र रुपेश केसीले गोल गरे। सुरुमा अग्रता लिएको एपिएफले पूरै १२० मिनेटसम्मको खेल समान २ गोल बराबरीमा टुंगाउँदै टाइब्रेकरमा पुराएरै भए पनि जीत निकाल्न सफल भएको हो।

उपविजेतामा सीमित मनाङले ५ लाख रुपैयाँ प्राप्त गरेको छ। प्रतियोगितामा एपिएफका राजन गुरुङ सर्वोत्कृष्ट प्लेयर बन्दै अप्रिला स्कुटर प्राप्त गर्न सफल भए । त्यसै गरी प्रतियोगितामा उत्कृष्ट मिडफिल्टरसमेत घोषित उनले नगद २५ हजार समेत हात पार्न सफल भए। विधागत पुरस्कारमा एपिएफकै कुरियामा युया उत्कृष्ट गोलरक्षक, रवि थिंङ उत्कृष्ट मिडफिल्डर, कुमार थापा उत्कृष्ट कोच घोषित भए । यस्तै, मनाङका अफिज ओलावाले उत्कृष्ट फरवार्ड घोषित भए। उनीहरुलाई नगद २५ हजार पुरस्कार दिइएको छ। फाइनलमा म्यान अफ दि म्याच मनाङका रुपेश केसी घोषित हुदै उनले नगद ८ हजार हात पारे।

अरमाण्डको पासमा युवराज खड्काले खेलमा(२१ मिनेटमा) पहिलो गोल गरे। खेलको ६७ औं मिनेटमा मनाङका दयानन्द सिंहले गोल गर्दै मनाङलाई १-१ को स्थितिमा पुऱ्याए । यस्तै, खेलको ८४ औं मिनेटमा मनाङका तर्फबाट फ्रेन्कलिन कुटीले गोल गर्दै २-१ को अग्रता दिलाए। मनाङले करिब जीतको नजिक पुऱ्याएकोमा अन्तिम ४ मिनेट सम्हालिन नसक्दा जीत विपक्षीलाई सुम्पिनुपरेको हो।

दोस्रो हाफको थप ५ मिनेटको इन्जुरी टाइमको पहिलो मिनेटमै एपिएफका तर्फबाट मणि लामाको पासमा रवि थिंङले उकेष्ट गोल गरेका हुन् । अतिरिक्त समयको ३० मिनेटमा कुनै टिमबाट थप गोल समेत हुन नभए पछि निर्णायकको लागि टाइब्रेकरको सहारा लिनुपरेको हो। २०६२ सालको चौथो संस्करणदेखि आहारारा खेल्न थालेको एपिएफ छैटौं संस्करणमा मात्र फाइनल पुगेको थियो । आहारारामा सर्वाधिक उपाधि विजेता मनाङले १२ पटक फाइनल यात्रा तय गर्दै ६ पटक उपाधि माथि कब्जा जमाउन सफल भएको हो। माघ ६ गते देखि सुरु भएको प्रतियोगितामा एक विदेशी सहित १० टिमको सहभागिता रहेको आयोजक सहारा क्लवले जनाएको छ । विजयी खेलाडीहरुलाई गण्डकी प्रदेशका युवा तथा खेलकुद मन्त्री दीपक मनाङ्गे, क्लवका अध्यक्ष हरिराम गुरुङ(सुरज) लगायतले पुरस्कार वितरण गरेका थिए । अन्य दिनको तुलनामा फाइनलमा खेलमा दर्शकको उपस्थिती बाक्लो रहेको थियो। सेमिफाइनल र फाइनल खेलमा दर्शकले जनही ३ सय रुपैया प्रबेश शुल्क तिरेका हुन्।

# बर्षे आलु संरक्षणमा गाँउपालिका

श्रीकृष्ण सिग्देल
स्याङ्जा, १४ माघ



आलुमा आत्मनिर्भर बनाउन आलुको विऊ वितरण गरिएको छ । स्याङ्जाको अर्जुनचौपारी गाँउपालिकाले पालिकालाई आलुखेतीमा आत्मनिर्भर बनाउन बर्षे आलुको विऊ वितरण गरेको हो।

आलुको पकेट क्षेत्र घोषणा गरेर पालिकाको उच्च पहाडी क्षेत्रका किसानलाई गाँउपालिकाले बर्षे आलुको विऊ वितरण गरेको जनाएको छ । गएको बर्ष आलुखेतीको परिक्षण गरेको गाँउपालिकाले यो पटक भने आत्मनिर्भर बनाउने गरी आलुको विऊ वितरण गरिएको पालिका अध्यक्ष दिर्घनारायण अर्यालले बताए।

परिक्षणका लागि वडा नम्वर ५ आरुचौरमा आलु लगाइएको थियो उनले भने, 'बर्षे आलुखेती राम्रो भएपछि किसानलाई निशुल्क बिऊ वितरण गरेका छौं।' यो पटक लगाएको आलु अर्को साल गाँउपालिकामा भरी लगाउने योजनामा छौं उनले भने। हिउँदे आलुको भन्दा बर्षे आलुको लागि यहाँको माटो उपयुक्त भएकाले गाँउपालिकाले बर्षे आलु उत्पादनमा जोड दिएको छ। गाँउपालिकाको वडा नम्वर ५ पालिका भरीकै उच्च पहाडी क्षेत्र हो। यहाँ हिउँदे आलु भन्दा बढी बर्षे आलुखेती लगाइदै आएको थियो । प्राविधिक समस्या र माटो परिक्षणको समस्याले उत्पादनमा ह्रास हुनथालेपछि प्रायप्त आलुखेती लगाउन छाडेका थिए।

यसको निरन्तरताका लागि पालिकाले आलु पकेट क्षेत्र घोषणा गरेर यहाँका किसानलाई आलुमा आत्मनिर्भर बनाउने लागेको हो । अहिले ९ वटा टोलसमिति गठन गरेर समिति मार्फत आलुको विऊ वितरण गरिएको वडा नम्वर ५ अध्यक्ष तथा गाँउपालिकाका प्रवक्ता ख्यामनारायण खनालले बताए। उच्च पहाडी क्षेत्रमा हुने तारे आलुको विऊ राम्रो फल्ने भएपछि सोही विऊ वितरण गरेको उनले बताए । अहिले वितरण गरेको आलु विऊपुँजी हो उनले भने, 'अर्को साल यो आलु गाँउपालिका भरी वितरण गर्ने हो।' किसानले गाँउपालिकालाई आलुको विऊ विक्रि गर्ने छन् उनीहरुको आम्दानीको श्रोत पनि हुने विऊ संरक्षण पनि हुने प्रवक्ता खनालले भने। उच्च पहाडी भेग बागलुङको तारे भन्ने क्षेत्रबाट विऊ ल्याइएको हुँदा यो आलुको नाम तारे नै राखिएको हो। स्याङ्जा हिउँदे आलुमा आत्मनिर्भर भएपनि बर्षे आलुमा भने निर्यातको भरमा बस्नुपर्ने बाध्यता थियो। गतबर्षदेखी आँधीखोला गाँउपालिकाले बर्षे आलुखेती शुरु गरेको थियो । यो पटक अर्जुनचौपारी गाँउपालिकाले पनि शुरु गर्दै छ। उच्च पहाडी क्षेत्रमा मात्रै हुने बर्षे आलु संरक्षण र आत्मनिर्भर बनाउन लागेको यो अभियानमा यहाँका स्थानीयले पनि साथ दिएका छन्। जिल्ला ज्ञान केन्द्रका अनुसार जिल्लाका हरिनास गाँउपालिका, कालीगण्डकी गाँउपालिका, बिरुवा गाँउपालिका लगायतका उच्च पहाडी क्षेत्रमा यो आलु फल्ने गर्छ।

# मुडुला कार्की कास्कीको अध्यक्षमा पुनः लोकबहादुर

पोखरापत्र संवाददाता
पोखरा, १५ माघ



मुडुला कार्की कुल कल्याण परिषद, कास्कीको १६ औं साधारण सभा तथा पाँचौ अधिवेशनले लोक बहादुर कार्कीलाइ पुनः अध्यक्षमा चयन गरेको छ।

शनिवार भएको अधिवेशनले वरिष्ठ उपाध्यक्षमा नरेश बहादुर कार्की, द्धित्तिय उपाध्यक्षमा कृष्ण बहादुर कार्की, महासचिवमा राजेन्द्र बहादुर कार्की, सचिवमा दिपक कार्की र कोषाध्यक्षमा गणेश बहादुर कार्की चयन गरेको छ।

त्यसैगरी सदस्यहरुमा क्रमश खड्क बहादुर कार्की, गोकुल बहादुर कार्की, कृष्ण बहादुर कार्की, अर्जुन बहादुर कार्की, राम्जी कार्की, डिलु कार्की र अमर बहादुर कार्की (अमृत) रहेका छन्।

परिषदका पूर्व अध्यक्ष सिद्धी बहादुर कार्कीले अधिवेशनको उद्घाटन गरेको थिए। मुडुला कार्की कुल कल्याण परिषद, कास्कीका अध्यक्ष लोकबहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा परिषदका पूर्व अध्यक्ष डा महेन्द्र बहादुर कार्की, पूर्व महासचिव टिका बहादुर कार्की, लगायत वोलेको कार्यक्रममा महा सचिव नरेश बहादुर कार्कीले स्वागत र सचिव राजेन्द्र बहादुर कार्कीले संचालन गरेका थिए।

सो कार्यक्रममा ८० वर्ष नाघेका ब्यक्तिहरुलाइ सम्मान गरिएको सचिव दिपक कर्कीले पोखरापत्रलाइ वताए।


## आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं ।

- इयाल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँच भन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरूममा ग्यास गिजरको प्रयोग नगरौ । गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

इयालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# नेपालद्वारा मौरिसस पराजित

पोखरापत्र संवाददाता
पोखरा, १५ माघ

नेपाली राष्ट्रिय फुटबल टोलीले अफ्रिकी राष्ट्र मौरिसविरुद्धको पहिलो अन्तराष्ट्रिय मैत्रीपूर्ण खेलमा विजयी हासिल गरेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आज भएको खेलमा नेपालले मौरिससलाई १-० गोलअन्तरले पराजित गर्दै विजयी भएको हो । नेपालको जितमा विमल घर्तीमगर नायक बने । उनले खेलको ५५औं मिनेटमा गरेको एक गोल नै नेपालका लागि निर्णायक गोल सावित भयो । एक वर्षपछि टोलीमा पुनरागमन गरेका विमलले पहिलो खेलमै गोल गरेका हुन्।

अन्जन विष्टको लामो पासमा पेनाल्टी क्षेत्रको ठिक बाहिरबाट विमलले प्रहार गरेको बलले पोस्टमा लाग्दै जाली चुमेको थियो। नेपालले पहिलोपटक अफ्रिकी टोलीसँग अन्तर्राष्ट्रिय खेल खेलेको हो। नेपालले अब मौरिससविरुद्धको दोस्रो मैत्रीपूर्ण खेल मङ्गलबार खेल्नेछ।


**बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरुलाई खुशीको खबर**

**परीक्षण गरिने रोगहरु:**

**बाथ रोग:** घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सर्म्पक राख्नुहोला ।

**प्यारालाइसिस:** शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु ।

**ढाड दुख्ने:** ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने ।

विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म

*फोनबाट पनि नाम दर्ता गराउन सकिने छ ।*

सर्म्पक:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.**
पोखरा ८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०
*मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।*

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# कास्कीमा बन्ने भो एन्फाको 'ड्रिम प्रोजेक्ट' टेक्निकल सेन्टर

-कृष्ण दवाडी
**कास्की, १५ माघ (रासस)**

कास्कीको माछापुच्छ्रे गाउँपालिका-६ भिँडाबारीमा लामो समयदेखि निर्माण चर्चामा रहेको एन्फा टेक्निकल सेन्टर( बहुउद्धेश्यीय प्राविधिक केन्द्र) निर्माण हुने निश्चित भएको छ।

अखिल नेपाल फुटबल सङ्घ(एन्फा)ले साढे तीन वर्षअघि भिँडाबारीमा प्राविधिक केन्द्र निर्माणका लागि प्रस्ताव गरेपनि लामो समयदेखि बन्ने/नबन्ने निश्चित नभएकामा शुक्रबार निर्माणका लागि बोलपत्र आह्वान गरिएपछि स्थानीयवासी उत्साहित भएका छन्।

विश्व फुटबलको सर्वोच्च नियमनकारी निकाय अन्तर्राष्ट्रिय फुटबल महासङ्घ(फिफा)को 'टेक्निकल डेभलपमेन्ट' कार्यक्रम अन्तर्गत दक्षिण एशियामै पहिलोपटक आधुनिक र सुविधासम्पन्न सो केन्द्र निर्माण हुन लागेको हो। सो टेक्निकल सेन्टर फिफाको एशियाकै पहिलो कार्यक्रम रहेकाले खेलाडी उत्पादन गरी फुटबल खेलको विकासका लागि महत्वपूर्ण हुने बताइन्छ।

एन्फाले 'ड्रिम प्रोजेक्ट'का रुपमा लिएको प्राविधिक केन्द्र निर्माणका लागि पहिलो चरणमा रु १७ करोड लगानी हुनेछ । यसअघि चौथो चरणसम्म रु ८५ करोड लगानी हुने बताइएपनि यसमा थप १० देखी १५ प्रतिशतसम्म लगानी वृद्धि हुने एन्फाका प्रमुख कार्यकारी अधिकृत तथा परियोजना प्रमुख गोकुल थापाले बताउनुभयो। चौथो चरणसम्ममा लगानी हुने परियोजनाको सबै लागत फिफाले बेर्होनेछ।

उहाँका अनुसार परियोजनाका लागि जग्गा प्राप्ती, आयोजनाको विस्तृत परियोजना प्रतिवेदन(डिपिआर) तथा डिजाइन, वातावरणीय प्रभाव मुल्याङ्कन, कोरोना महामारी लगायतका कारणबाट कागजी प्रक्रिया पुरा गर्न समय लागेको उहाँको भनाइ छ।

परियोजना प्रमुख थापाले भन्नुभयो,"माछापुच्छ्रेमा टेक्निकल सेन्टर एन्फाको 'ड्रिम प्रोजेक्ट' हो।बोलपत्रआह्वानपछि यसको निर्माण अघि बढाउन 'ब्रेक थ्रु' भएको छ। सरकारको सार्वजनिक खरीद नियमानुसार बोलपत्र आह्वान र मुल्याङ्कन लगायतका काम पछि ठेक्का सम्झौता गरेर शिलान्यास गर्नेछौं ।" भिँडाबारीको ४५२ रोपनी क्षेत्रफल जमिनमध्ये २५२ रोपनीमा बहुउद्धेश्यीय प्राविधिक केन्द्रका संरचना निर्माण हुनेछन्। गाउँपालिकाले जमिनको व्यवस्था गरेपछि एन्फाले काम अघि बढाएको हो। यसमा केही स्थानीयवासीले पनि आफ्नो स्वामित्वको जमिन गाउँपालिकालाई उपलव्ध गराएका छन्। एन्फाका अनुसार प्रस्तावित परियोजनामा दुई वटा अभ्यास मैदान, पाँच हजार दर्शक क्षमताको एक मुख्य मैदान, दुई वटा फुटबल मैदान, एक फुटसल मैदान, कृत्रिम सानो मैदान एक, व्याडमिन्टन कोर्ट, दौड मैदान र बग्दो पानीको पौडी पोखरी निर्माण हुनेछन्। यसैगरी भवन संरचनातर्फ दुई पुरुष र दुई महिलाका गरी चार छात्रावास भवन, दुई वटा अभ्यास भवन, तीन वटा पाहुना आवास भवन, कार्यकारी आवास भवन दुई, सुरक्षा गार्ड घर दुई, एक चमेनागृह ब्लक, सात शौचालय, ओपन फुड कोर्ट , टिकट काउन्टर र चिकित्सा केन्द्र निर्माण गर्ने योजना छ। परियोजना एन्फाले चार चरणमा पुरा गर्ने योजना बनाएको परियोजना प्रमुख थापाले जानकारी दिनुभयो । पहिलो चरणमा प्रशिक्षण मैदान, पुरुष छात्रावास, अभ्यास ब्लक, कार्यकारी र पाहुना आवास गृह, चारैतिर पर्खाल, लगायतका संरचना निर्माण गरिने उल्लेख छ। दोस्रो चरणमा मुख्य मैदान, प्रशासनिक भवन, मेडिकल सेन्टर, महिला आवास गृह निर्माण हुनेछ भने तेस्रो चरणमा अभ्यास मैदान, प्रशिक्षण ब्लक, पौडी पोखरी र टिकट काउन्टर बन्नेछ । फुटसल मैदान, आर्टिफिसियल मिनी पीच, ब्याडमिन्टन कोर्ट, प्यारापिट, पहुँच मार्ग, ट्र्याक एण्ड फिल्ड लगायतका काम अन्तिम चरणका लागि छुट्टाइएको छ। रङ्गशालाका लागि नेपाल सरकारबाट सहयोग प्राप्त भएमा प्यारापिट सहितको बनाउने योजना रहेको बताइन्छ।

सो प्राविधिक केन्द्रमा विभिन्न उमेर समूहका किशोर/किशोरीलाई राखेर फुटबल खेल सिक्ने/सिकाउने र खेलाडी उत्पादन गरिनेछ। यसका साथै स्वदेशी तथा विदेशी राष्ट्रिय फुटबल टोलीको बन्द प्रशिक्षण समेत सञ्चालनको योजना छ। परियोजनाकोबोलपत्रआह्वानपछि गाउँपालिकावासीमा उत्साह छाएको गाउँपालिका अध्यक्ष कर्णबहादुर गुरुङले बताउनुभयो। उहाँले अन्तर्राष्ट्रिय मापदण्डको प्रशिक्षणस्थल पालिकामा बन्नु गौरवको विषय रहेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो,"यस परियोजनालाई समयमै निर्माण सुरुआतका लागि हाम्रो तर्फबाट पनि धेरै मिहिनेत गरेका छौं । अहिले बोलपत्र आह्वान भएको खबरले हामीलाई उत्साहित बनाएको छ। गण्डकी प्रदेशको मात्र नभई देशकै फुटबल खेलको विकासमा योगदान पुग्ने विश्वास छ।"

परियोजना निर्माणका लागि बोलपत्र आह्वान गर्नुअघि मर्दी र इदी नदीमा तटबन्ध गर्न आग्रह गरेपछि गाउँपालिकाले नदी नियन्त्रणका लगि तटबन्ध गरेको थियो। स्थानीय जयलाल दवाडीले राष्ट्रिय अन्तर्राष्ट्रिय महत्वको परियोजना आफ्नो गाउँमा बन्ने भएपछि स्थानीयवासी खुःशी भएको बताउनुभयो । उहाँले जग्गाधनीलाई सम्मान गरि नुपर्ने र रोजगारी लगायतमा स्थानीयवासीलाई प्राथमिकता दिन आग्रह गर्नुभयो।

उहाँले भन्नुभयो," यो परियोजना बन्ने भएपछि हामी स्थानीय उत्साहीत भएका छौं । यसका साथै आफ्नो जमिन परियोजनालाई दिने जग्गाधनीलाई सम्मान गरि नुपर्दछ। यस परियोजनाले यस क्षेत्रको विकासमा ठूलो योगदान पुग्ने विश्वास लिएका छौं।"ठूलो लगानीमा निर्माण हुने एन्पको परियोजनाले यस क्षेत्रमा रोजगारी सिर्जना, सडक खानेपानी लगायत पूर्वाधार विकास तथा पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण हुने भन्दै स्थानीयवासीले खुःशी व्यक्त गरेका छन्।

# बेनी नगरपालिकाको तीन वडा कार्यालय भवन

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १५ माघ**

म्याग्दीको बेनी नगरपालिकाले तीन वटा वडाको कार्यालय भवन निर्माण गरेको छ। बेनीमा वडा नम्बर ७ र ८ तथा पात्लेखेतमा १० नम्बर वडाको कार्यालय भवन निर्माण गरिएको हो। नगरपालिकाको १, २, ३, ४, ५ र ९ नम्बर वडाको यसअघिनै भवन थिए।

पात्लेखेत र वाखेत गाउँको सिमानामा रु. २० लाख खर्चेर हालै १० नम्बर वडाको तीन कोठे एक तले भवन निर्माण भएको थियो । बेनीको सामुदायिक चोकमा गत वर्ष वडा नम्बर ७ को भवन बनेको थियो।

सात नम्बर वडाको भवनमा तला थप गर्न चालु आर्थिक वर्षमा विनियोजन भएको रु.आठ लाख बजेट कार्यान्वयनका लागि ठेक्का सम्झौता भएको नगर प्रमुख हरिकुमार श्रेष्ठले जानकारी दिनुभयो । नगरपालिकाले क्याम्पसचोकको भलबाढी ब्यवस्थापनका लागि अधिग्रहण गरेको जग्गामा रहेको घरलाई पुनर्निर्माण गरेर यसै महिनादेखि ८ नम्बर वडाको कार्यालय सञ्चालन गरिएको वडा अध्यक्ष रामकृष्ण बराइलीले जानकारी दिनुभयो।

नगरपालिकाले गत वर्ष क्याम्पसचोकको भलबाढी ब्यवस्थापन गर्न रु एक करोड २१ लाखमा चार आना जग्गा र त्यहाँ रहेको घर अधिग्रहण गरेको थियो। क्याम्पसचोकका वासिन्दाले रु २१ लाख सङ्कलन गरेर नगरपालिकालाई उपलब्ध गराएका थिए।

अधिग्रहण भएको घरको भुइतला मुनी भूमिगत नाला बनाएर बाढी ब्यवस्थापन गर्ने बनाइएको छ। भुइतलाको सटर सहित तीन वटा कोठा भाडामा लगाउन मासिक न्युनतम रु. ३० हजार भाडा कायम गरेर प्रस्ताव आव्हान गरेको छ।

पहिलो तलाको तीन वटा कोठामा वडा कार्यालय स्थापना गरिएको हो । भवन पुनःनिर्माण गरेर कार्यालय स्थापना गर्न रु दश लाख खर्च भएको वडा अध्यक्ष बराइलीले बताउनुभयो। नयाँ भवन निर्माण भएपछि सेवा प्रवाह, कार्यालय सञ्चालन, भेला, बैठक आयोजना गर्न सहज भएको छ।

आर्थिक वर्ष २०७६/७७ मा अर्थुङ्गेमा शुरु भएको वडा नम्बर ६ को भवन निर्माण कार्यलाई पुर्णता दिन चालु आर्थिक वर्षमा बिनियोजन भएको रु. बीस लाख बजेटको काम गर्न ठेक्का लागेको इञ्जिनियर विमलरञ्जन कार्कीले बताउनुभयो। गत वर्ष नगरपालिकाको भवन परिसरमा विषयगत शाखा कार्यालयहरुका लागि नयाँ प्रशासकीय भवन निर्माण भएको थियो।

# गाउँमै प्रयोगशाला, गर्भवतीलाई सजिलो

**पोखरापत्र संवाददाता**
**बागलुङ, १५ माघ**

प्रयोगशाला सेवा पाएपछि ग्रामीण स्वास्थ्य संस्थामा सुत्केरी हुनेको सङ्ख्या बढेको छ। गलकोटस्थित हटिया स्वास्थ्य चौकी र बडिगाडको ग्वालिचौर स्वास्थ्य चौकीमा सुत्केरी हुनेको सङ्ख्या बढेको हो।

सामान्य समस्या भएपछि प्रयोगशाला अभावमा बाहिर रिफर हुने बिरामी र गर्भवतीलाई ती स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीले पनि अन्यत्र नजान सुझाव दिन थालेका छन्। पछिल्लो दुई वर्षदेखि सञ्चालित ल्याबमा सबै प्रकारका परीक्षण सम्भव भएको हो । गलकोट नगरपालिका-३ बस्ने गोमा अर्गेजा अघिल्लो महिना हटिया स्वास्थ्य चौकीमा पुगेर सुत्केरी हुँदा ल्याब सेवा पनि पाएकाले सजिलो भएको बताउनुभयो । "चारपटक गर्भजाँच र एकपटक भिडियो एक्स-रे पनि गराउन पाएर ढुक्क भएँ," उहाँले भन्नुभयो, "यसअघिको बच्चाको पालामा पाल्पा पुगेकी थिएँ, अहिले यहीँ सेवा पाएँ ।" गलकोट नगरपालिका-८ का सुरेश विकले बिरामी हुँदा रगत, खकार, पिसाबसमेत हटिया स्वास्थ्य चौकीमा परीक्षण गर्न पाएको बताउनुभयो । "कोरोनाले सङ्क्रमित भएर पनि अन्यत्र जानुपरेन, यही सेवा पाएँ," विकले भन्नुभयो, "सदरमुकाम जानु परेको भए होटेल खोजेर बस्नुपर्थ्यो, जाने सवारी भाडा आदि गर्दा रु पाँच हजारले पुग्दैनथ्यो ।" हटिया स्वास्थ्य चौकीमा सबै सेवा निःशुल्क पाएको उहाँले बताउनुभयो।

पत्नी सुनितालाई प्रसूति व्यथाले च्याप्दा मध्यरातमा लगेर सुत्केरी गराएको उहाँले बताउनुभयो। "अहिले यहाँबाट चौबिसै घन्टा स्वास्थ्य सेवा सुरु भएको रहेछ, त्यसैले रातमा पनि सहज भयो," विकले भन्नुभयो । उहाँको घर भएको कांडेवासमा यो सेवा छैन । त्यसैले रातारात हटिया ल्याएको उहाँले बताउनुभयो । हटिया स्वास्थ्य चौकी प्रमुख दिलु सुवेदीका अनुसार जिल्ला सदरमुकामपछि सबैभन्दा धेरै बिरामीले हटियाबाट स्वास्थ्य परीक्षण र सेवा लिन्छन् । गत वर्ष ८६० जनाले ल्याब सेवा लिएकामा चालु वर्षमा ४५० जनाले सेवा लिइसकेका छन्।

हरेक वर्ष २५० भन्दा बढीले सुरक्षित सुत्केरी सेवा लिने गरेका छन् । चालु वर्ष पनि एक सयभन्दा बढीले सेवा लिइसकेको उहाँले बताउनुभयो। "स्वास्थ्य संस्थामै सुत्केरी हुनेको सङ्ख्या शत्प्रतिशत पुग्न थालेको छ," सुवेदीले भन्नुभयो, "एकाध बाहेक सबैले स्वास्थ्य संस्थाको सेवा लिने गर्छन्।"

गलकोट नगरपालिकाले चारपटक गर्भ जाँच गरेर स्वास्थ्य चौकीमै सुत्केरी भएका महिलालाई चार हजार ५०० रुपैयाँ प्रोत्साहन भत्ता दिने गर्छ। नेपाल सरकारले दिने दुई हजारसमेत थप्दा छ हजार ५०० रुपैयाँ बुझेर फर्कन्छन्।

# 'बेँसीसहर-चामे सडकखण्ड बहुवर्षीय योजनामा विकास हुनुपर्छ'

**पोखरापत्र संवाददाता**
**मनाङ, १५ माघ**

हिमाली जिल्ला मनाङ जोड्ने एकमात्र स्थलमार्ग बाढीपहिराले क्षति पुऱ्याएको छ। केही मर्मत गरी सवारीसाधन आवतजावत भए पनि सहज भने भएको छैन। वर्षायाममा बाढीपहिराले क्षति पुऱ्याएर मर्मत गरी सञ्चालन भएको मनाङको मेरुदण्ड बेँसीसहर-चामे सडकखण्डको अनुगमन गरिएको छ।

प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्य, डुम्रे-बेँसीसहर-चामे सडक योजना कार्यालय लमजुङका प्रमुख अच्युतविलास पन्त, इञ्जीनियर सुमन अधिकारीलगायत प्राविधिक टोलीले आज सडकखण्डको अनुगमन गर्नुभएको छ। अध्ययन तथा अनुगमनपश्चात उक्त टोलीले एक मात्र गण्डकी प्रदेशसँग जोड्ने सडकखण्डलाई बहुवर्षीय योजनाका रूपमा विकास गर्नुपर्नेमा जोड दिएका हुन् । अनुगमनका क्रममा बाढीपहिराका कारण सडक क्षेत्रको माटो झर्ने, माटो कमसल रहेकाले बहुवर्षीय योजनाका रूपमा स्तरोन्नति गर्नुपर्नेमा उनीहरूले जोड दिएका हुन् । वर्षायाम सुरु हुन लागेको अवस्थामा मर्मत तथा सम्भारलाई तीव्रता दिने उद्देश्यले गरिएको अनुगमनमा प्राविधिकसहितको टोलीले अनुगमन गरेको डुम्रे-बेँसीसहर-चामे सडक योजना कार्यालय लमजुङका प्रमुख पन्तले जानकारी दिनुभयो । उहाँका अनुसार प्राविधिकको सल्लाहअनुरुप बहुवर्षीय योजनाका रूपमा स्तरोन्नति गर्नुपर्ने जनाएअनुसार सरकारले बजेट व्यवस्थापन गरेमा सहज हुने र सडक सुरक्षित तथा पक्की हुनेछ । 'सडकअन्तर्गतको केही भागमा पहाड नै फोडेर सडक सुरक्षित बनाउनुपर्नेछ। प्राविधिकको अध्ययन, अनुगमनअनुसार यस सडकखण्ड निर्माणका लागि अनुमानित रु ५० करोड लाग्नेछ', प्रमुख पन्तले भन्नुभयो, 'सुरक्षित र पक्की सडक निर्माणका लागि मन्त्रालयबाट बजेट बढाएर आउने भएमा सहज हुने थियो।' 'वर्षायाम सुरु हुनासाथ मर्मत तथा निर्माणकार्य थाल्नुपर्नेछ तर वर्षायाममा पानी पर्न थालेपछि सडक मर्मतमा समस्या सिर्जना हुन्छ । त्यस्तै हिउँदयाममा हिमपातले निर्माणमा समस्या हुन्छ', उहाँले भन्नुभयो, 'समयमा नै सरकारको चासो पुगेमा सडक मर्मत तथा निर्माणमा सहज हुनेछ ।' वर्षायाम लाग्ने समय भएसँगै सडक अनुगमन गरी निर्माण प्रक्रिया अगाडि बढाउनुपर्ने भएपछि अनुगमन गरिएको प्रमुख जिल्ला अधिकारी आचार्यले जानकारी दिनुभयो । 'हिमाली जिल्लाको स्थलमार्ग एउटै छ । सुरक्षित बनाउनपर्ने अवस्था छ। प्रदेश र संघ सरकारबाट सहयोग भएमा बहुवर्षीय योजनाका रूपमा अगाडि बढाउनुपर्छ । हिमाली जिल्ला मनाङलाई छुट्टै स्थानका रूपमा नभई अपनत्व हुने गरी स्थलमार्ग सहज बनाउनुपर्ने आवश्यकता देखिएको छ', प्रजिअ आचार्यले भन्नुभयो । बेँसीसहर-चामे सडकखण्डको १०७ किलोमिटर रहेको छ। गत असार १ र त्यसपछि आएको बाढीपहिराले मनाङको मेरुदण्डका रूपमा रहेको बेँसीसहर-चामे सडकखण्ड पूर्णरूपमा अवरुद्ध रहेकामा केही भागमा मर्मतसम्भारपछि सञ्चालनमा आएको छ। यस सडकखण्डको केही स्थानमा मर्मतसम्भार गरेपछि अहिले सडक सञ्चालन भए पनि न त वर्षायाममा न हिउँदयाममा यहाँको काम गर्न सकिएको छ। मौसमको प्रतिकूलताले गर्दा सडक निर्माणमा समस्या हुँदै आएको छ। माथिल्लो मनाङ जाने सडकअन्तर्गतको तलेखु-भ्राताङ भिरमा बम ब्लाष्टिङ गरी सडक निर्माण गरिएको छ । त्यस्तै बाढीपहिराले क्षति पुगेको सडकखण्डअन्तर्गतको खोत्रो, तिमाङलगायत स्थानमा मर्मत तथा निर्माण गरी सडक हालका लागि सञ्चालनमा ल्याइएको छ । बाढीपहिराको क्षति पुऱ्याएको सडकमा सवारी आवतजावत भएपछि मनाङमा उत्पादित खाद्यवस्तु बजारसम्म पुऱ्याउनसमेत सहज भएको छ । बेँसीसहर-चामे-खाङ्सार सडकखण्ड १०७ किलोमिटरमध्ये धेरै स्थानमा बाढीपहिराले क्षति पुऱ्याएको थियो। उक्त सडकखण्डको नेपाली सेनाको प्राविधिक टोलीले समेत बाढीपहिरापछि अध्ययन गरेको थियो । माटोको अवस्था अध्ययन तथा अनुगमनपछि सेनाको प्राविधिक टोलीले बेँसीसहर-चामे सडकखण्डको नयाँ मार्ग खोल्ने प्रक्रियामा अगाडि बढाउने बताएको थियो। माटोको अवस्था अध्ययन तथा अनुगमनपछि सेनाको प्राविधिक टोलीले बेँसीसहर-चामे सडकखण्डको नयाँ मार्ग खोल्न खटिने जनाइए पनि हिउँद लागेसँगै सडक मर्मतमा हिमपातले रोकिएको डुम्रे-बेँसीसहर-चामे सडक योजना कार्यालय लमजुङले जनाएको छ। वर्षायाम लाग्ने बेला भएकाले अब भने सेनाले पनि केही कदम चाल्ने अवस्था रहेको कार्यालयले जनाएको छ।

रक्तदान जीवनदान
जीवनदान महादान

# ठूलोखोला जलविद्युत आयोजना निर्माण सुरु

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १५ माघ**

म्याग्दीको रघुगङ्गा गाउँपालिकामा ठूलोखोला जलविद्युत् आयोजना निर्माण सुरु भएको छ।

संयुक्त ऊर्जा प्रालीले रघुगङ्गा गाउँपालिका-७ र ८ मा २१.३ मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजना निर्माण थालेको हो । आयोजनाका प्रमुख रविन्द्र हमालले ११५ मिटर सुरुङ निर्माण गरिएको जानकारी दिनुभयो।"बन्दीघाटदेखिसुगरथलामा रहने बाँध निर्माणस्थलसम्म नौ किलोमिटर पहुँचमार्ग र छहरीमा बन्ने विद्युत गृह जोड्ने राहुघाट नदीमाथी ३७ मिटर लामो बेलिब्रिज निर्माण भएको छ", उहाँले भन्नुभयो, "एक हप्ताभित्र बाँधतर्फबाट पनि सुरुङ खुन्न सुरु गर्छौं ।" तीन हजार ६०० मिटर लामो सुरुङ र एक किलोमिटर पेनस्टक पाइपलाइन रहने आयोजनाको आउटलेटदेखि विद्युत गृहको उचाइ (हेडरेड) ४०० मिटर छ । एसएसएसएन साकुरा जेभी सिभिल ठेकेदार रहेको आयोजनाको इलेक्ट्रोमेकानिकल ठेकेदार छनोट गर्ने क्रममा रहेको आयोजना प्रमुख हमालले बताउनुभयो। कूल रु तीन अर्ब ५७ करोड लागत अनुमान गरिएको आयोजना सन् २०२३ को डिसेम्बरसम्ममा सम्पन्न गर्ने लक्ष्य छ।

नेपाल बैंकको अगुवाइमा अन्य बैंकले लगानी गरेका छन्। भौगोलिकरूपमा विकट र दुर्गम क्षेत्रमा बस्तीदेखि टाढा रहेको आयोजनाको दुई वर्षअघिदेखि थालिएको पहुँचमार्ग निर्माण सकिएपछि बाँध, सुरुङ र विद्युत् गृहको कामले गति लिएको छ । विद्युत्गृह निर्माणस्थलमा कटान रोकथामका लागि पर्खाल निर्माण गर्ने काम सकेर डिजाइन तयार पारिएको छ । राहुघाट नदीको बायाँतर्फबाट निर्माण भएको पहुँचमार्गलाई विद्युत्गृह र आउटलेट जोड्न राहुघाट नदीमा बेलिब्रिज बनाएको आयोजनाका जनसम्पर्क अधिकृत राम खत्रीले बताउनुभयो। यस आयोजनाबाट उत्पादन भएको विद्युत् रघुगङ्गा गाउँपालिका-३ अम्बाङमा निर्माण हुन लागेको १३२ केभी क्षमताको राहुघाट सबस्टेशनबाट केन्द्रीय ग्रिडमा जोडिने छ । ठूलोखोला राहुघाटको सहायक नदी हो । विद्युत विकास विभागका अनुसार राहुघाट र सहायक खोलामा १४६.८ मेगावाट क्षमताका चार जलविद्युत् आयोजनाले निर्माणको अनुमति लिएका छन्।

पाँच दशमलव पाँच मेगावाट क्षमताको एउटा आयोजनाले निर्माणको अनुमति मागेको छ । यस्तै २४.६५ मेगावाट क्षमताका तीन आयोजना सर्वेक्षणका क्रममा छन्। नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रो पावर लिमिटेडले ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना निर्माण गरिरहेको छ।

तुदी पावर लिमिटेड प्रवर्द्धक रहेको ३७ मेगावाट क्षमताको राहुघाट मंगले र ४८.५ मेगावाट क्षमताको अपर राहुघाट जलविद्युत् आयोजना गत वर्षदेखि निर्माण सुरु भएको थियो । प्रवासी म्याग्देलीको अगुवाइमा मोना हाइड्रोपावर लिमिटेडले रघुगङ्गा-७ चिमखोलामा ५.५ मेगावाट क्षमताका बगरखोला जलविद्युत् आयोजनाको सर्वेक्षणको काम सकेर निर्माण सुरु गर्न विद्युत् विकास विभागमा अनुमति मागेको छ । बगरखोला पनि राहुघाटको सहायक नदी हो । रघुगङ्गा गाउँपालिका-८ कुइनेमङ्गलेमा कर्णाली हाइड्रो लिमिटेडले ४.७५ मेगावाट क्षमताको स्यानोखोला जलविद्युत् आयोजनाको सर्वेक्षण अनुमति लिएको छ । कुइनेमङ्गलमै ग्रिन माउन्ट इनर्जी लिमिटेडले ४.९० मेगावाट क्षमताको अपर ठूलोखोला र ठूलोखोला हाइड्रोपावरलिमिटेडले१५मेगावाट क्षमताको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजना सर्वेक्षणको अनुमति लिएका विद्युत् विकास विभागले जनाएको छ। राहुघाट र सहायक नदीमा बन्ने जलविद्युत् आयोजना निर्माणलाई गति दिन मौवाफाँटदेखि दग्नाम, दर्मीजा, चिमखोला हुँदै कुइनेमङ्गले जोड्ने सडक निर्माणमा गाउँपालिका, प्रदेश र सङ्घीय सरकारले जलविद्युत् आयोजनासँग साझेदारी गरिएको गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले बताउनुभयो।